**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- सन् १९७१ को युद्धमा भारतले पाकिस्तानमाथि विजय हासिल गरेको सम्झनामा आज राष्ट्रभरि विजय दिवस पालन गरियो।
- केन्द्रले ५० वा यस भन्दा अधिक कर्मचारीहरु कार्यरत रहेको कार्यस्थलमा छुट्टै वा अन्य सामान्य सुविधासँगै क्रेच सुविधा अनिवार्य गरिएको जनाएको छ।
- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको पर्यटन विभागले दार्जिलिङ पहाडको सुन्दर गाउँ धोत्रेलाई दार्जीलिंग र कालेबुंग जिल्लाकै स्वच्छ पहाडी गाउँको रूपमा सम्बर्धन गर्ने पहल शुरु गरेको छ।
- मिरिकका दुई समाजसेवी डा. बाबासाहेब भीमराव अम्बेडकर राष्ट्रिय पुरस्कारद्वारा सम्मानित।
- कोलकाता महानगरमा सम्पन्न टाटा स्टील वर्ल्ड 25-के म्याराथनमा बिजनबारी क्षेत्रका धावकहरुले उत्कृष्ट प्रदर्शन गर्दै दार्जीलिंग पहाडको नाम रोशन गरेका छन्।

**राष्ट्र- विजय दिवस**

सन् १९७१ को युद्धमा भारतले पाकिस्तानमाथि विजय हासिल गरेको सम्झनामा आज राष्ट्रभरि विजय दिवस पालन गरियो। राष्ट्रले युद्धको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरिरहेको छ। आजकै दिन सन् १९७१ मा पाकिस्तानी सेनाका प्रमुख जनरल ए.ए खान नियाजीले ९३ हजार सैनिकहरु सहित भारतीय सेना र मुक्ति बाहिनी समक्ष निःशर्त आत्मसमर्पण गरेका थिए। युद्धको अन्त्यले पूर्वी पाकिस्तानलाई बङ्गलादेशमा विभाजन गरेको थियो।

**विजय दिवस श्रद्धांजलि**

राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़, प्रधानमंत्री नरेंद्र मोदी अनि रक्षा मंत्री राजनाथ सिंहले विजय दिवसको अवसरमा सन् 1971 को युद्धका वीर सैनिकहरुप्रति श्रद्धांजलि अर्पित गर्नुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मूले वीर सैनिकहरूको सर्वोच्च बलिदानको स्मरण गर्नुहुदै उनीहरूको कथाले प्रत्येक भारतीयलाई प्रेरणा दिने र राष्ट्रिय गौरवको स्रोत बनिरहने बताउनु भएको छ। उपराष्ट्रपति जगदीप धनखड़ले वीर सैनिकहरुको बहादुरी र निस्वार्थ बलिदानको सराहना गर्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सन् १९७१ मा आजकै दिन भारतको ऐतिहासिक विजयमा योगदान पुर्याउने वीर सैनिकको साहस र बलिदानलाई राष्ट्रले सम्मान गरेको बताउनु भएको छ। श्री मोदीले भन्नुभएको छ- सैनिकहरुको निःस्वार्थ समर्पण र अटुट संकल्पले देशलाई बचाएको छ अनि गौरवान्वित तुल्याएको छ। सैनिकहरुको बलिदानले भावी पुस्तालाई सदैव प्रेरणा दिने प्रधानमन्त्री मोदीले बताउनु भएको छ। रक्षामन्त्री राजनाथ सिंहले पनि नयाँ दिल्लीस्थित राष्ट्रिय युद्ध स्मारकमा पुष्पांजली अर्पण गर्नुभयो।

**लोकसभा- श्रम बल सर्वेक्षण**

केन्द्र सरकारले भनेको छ, वर्ष २०२३-२४ को अवधि आवधिक श्रम बल सर्वेक्षणमा १५ देखि २६ वर्ष आयु वर्गको युवाहरूको निम्ति श्रमिक जनसंख्या अनुपात ४१ दशमलव सात प्रतिशत दर्ता गरिएको छ। श्रम अनि रोजगार मन्त्री डा. मनसुख माण्डवियाले लोकसभामा एउटा प्रश्नको उत्तर दिनुहुँदै भन्नुभयो, वर्ष २०१७-१८ मा सांख्यिकी अनि कार्यक्रम कार्यान्वयन मन्त्रालयद्वारा वार्षिक आवधिक श्रम बल सर्वेक्षण गरिन्छ। उहाँले भन्नुभयो, देशमा श्रमिक जनसंख्या अनुपातमा विगत केही वर्षहरूमा वृद्धि भएको छ। वर्ष २०२०-२१ मा यो आँकड़ा ३६ दशमलव एक प्रतिशत थियो अनि वर्ष २०२३-२४ मा यसमा चार प्रतिशतभन्दा अधिक वृद्धि दर्ता गरिएको छ।

**राज्यसभा- संविधान**

राज्यसभामा आज संविधानको ७५ वर्षको गौरवशाली यात्रामाथि विशेष चर्चा भयो। केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले चर्चाको शुरूआत गर्नुहुँदै अभिव्यक्तिको स्वतन्त्रता अनि संविधानको रक्षाको मुद्दामाथि विपक्षलाई घेर्नु भयो।

उहाँले विपक्षले आपातकाल लगाएर उचित कारण बिना विपक्षलाई जेल पठाएको उल्लेख गर्नुभयो। श्रीमती सीतारमणले भन्नुभयो, भाजपा सदैव महिलाहरूको कल्याण अनि महिला आरक्षणको निम्ति प्रतिबद्ध रहेको छ। चर्चामा भाग लिनुहुँदै सदनमा विपक्षको नेता मल्लिकार्जुन खरड़ेले सरकारमाथि संविधानलाई कमजोर गरेको आरोप लगाउनु भयो। केन्द्रीय मन्त्री हरदिप सिंह पुरीले भन्नुभयो भारत लोकतन्त्रको जननी हो अनि भारत विविध भाषा, संस्कृति, रीति-रिवाज अनि परम्पराको देश रहेकोले संविधानबाट यी सबैलाई एकजुट बनाउने गर्दछ।

**केन्द्र – महिला - क्रेच सुबिधा**

केन्द्रले ५० वा यस भन्दा अधिक कर्मचारीहरु कार्यरत रहेको कार्यस्थलमा छुट्टै वा अन्य सामान्य सुविधासँगै क्रेच सुविधा अनिवार्य गरिएको जनाएको छ। श्रम तथा रोजगार मन्त्री मनसुख माण्डवियाले लोकसभामा एक प्रश्नको जवाफ दिनुहुदै काम र पारिवारिक जिम्मेवारी बीच सन्तुलन कायम गर्न विभिन्न ऐनमा धेरै संशोधन गरिएको बताउनु भएको छ। प्रसूति लाभ ऐन, १९६१ मा संशोधन भएपछि महिला कर्मचारीहरुले २६ हप्ताको तलबी बिदा पाउँदै आएको जानकारी दिनुभएको छ। तीन महिना भन्दा कम उमेरका बच्चालाई कानुनी रूपमा अंगीकार गर्ने सरकारी क्षेत्रमा काम गर्ने महिलाहरुलाई तीन महिनाको तलबी बिदा दिन डा. माण्डविया बताउनुभएको छ। कमिसनिङ गर्ने आमालाई १२ हप्ता र गर्भपतन भएमा ६ हप्ताको तलबी बिदा दिने व्यवस्था मिलाइएको उहाँले बताउनु भएको छ।

**जीटीए -धोत्रे स्वच्छ गाउँ**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) को पर्यटन विभागले दार्जिलिङ पहाडको सुन्दर गाउँ धोत्रेलाई दार्जीलिंग र कालेबुंग जिल्लाकै स्वच्छ पहाडी गाउँको रूपमा सम्बर्धन गर्ने पहल शुरु गरेको छ। जिटिए सुत्रले यस निर्णयको आधिकारिक घोषणा यस महिनाको अन्त्यमा दार्जिलिङमा हुने मेलो टी फेस्टको अवसरमा गरिने बताएका छन्। एड्वेन्चर टुरिजमका क्षेत्रीय निर्देशक दावा ग्याल्पो शेर्पाले समुन्द्र सतह देखि ८ हजार ५ सय ५० फिट उचाइमा रहेको पहाडी गाउँ धोत्रेलाई पहिलो स्वच्छ गाउँको रूपमा सम्बर्धन गर्ने पहल गरिरहेको जानकारी दिनुभएको छ। सिंहलीला राष्ट्रिय उधान परिक्षेत्रमा अवस्थित धोत्रेबाट कन्चनजंघा सहित विश्वका पाँच अग्लो पर्वतमाला देख्न सकिन्छ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले क्षेत्रलाई नो प्लास्टिक जोन बनएको छ भने घरहरूलाई कायाकल्प गर्दै परम्परागत गोर्खा घरहरूमा परिणत गरेको छ। धोत्रे क्षेत्रका 31 जना स्थानीय युवाहरूलाई गाईडको रूपमा काम गर्न प्रशिक्षित गरिएको छ।

**डॉ. बाबासाहेब भीमराव अम्बेदकर पुरस्कार**

जाति, भाषा, साहित्य, गीत, सङ्गीत, अनि समाजसेवामा योगदान पुर्याएवापत मिरिक अन्तर्गत सौरेनी चिया बगान निवासी तारा घिमिरेलाई डा. बाबासाहेब भीमराव अम्बेडकर राष्ट्रिय दार्शनिक पुरस्कार–२०२४ प्रदान गरिएको छ। नयाँ दिल्ली स्थित पञ्चशील भवनमा आयोजित एक अन्तर्राष्ट्रिय समारोहमा श्री घिमिरेलाई सो पुरस्कार प्रदान गरिएको हो। कार्यक्रममा भारत सरकारका विभिन्न मन्त्रीहरुको उपस्थिति रहेको थियो। यसरीनै मिरिक थाना लाइन निवासी उमेश तोलांगीलाई दलित साहित्य अकादमीद्वारा प्रतिष्ठित डॉ. भीमराव अम्बेडकर फेलोशिप राष्ट्रीय पुरस्कारद्वारा सम्मानित गरिएको छ। सामाजिक र सांस्कृतिक रुपमा समुदायको उत्थानका लागि अथक प्रयास र लगनशीलताका कारण द्वयलाई यो पुरस्कार प्रदान गरिएको जानकारी प्राप्त भएको छ।

**मिरिक -भेक्टर बोन डिजिस**

मिरिक गोर्खा रङ्गमञ्च भवनको गोपाल योञ्जन प्रेक्षागृहमा आज दार्जिलिङ जिल्ला पश्चिम बंगाल भेक्टर बोन डिजिस कन्ट्रोल इमप्लोइज एशोसिएसनको एक सभा सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता भीबीडिसी दार्जीलिङकी अध्यक्ष सम्झौता राईले गर्नुभएको थियो। कार्यक्रममा वक्ताहरूले भेक्टर बोन डिजिस कन्ट्रोलका कर्मचारीहरूले भोग्दै आइरहेका समस्याहरूको चाँडो समधान गरिनु पर्ने माग गरेको छ। कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा राज्यका अध्यक्ष स्वरूप जन अनि दार्जिलिङ जिल्ला अध्यक्ष सम्झौता राईले भीबीडीसी कर्मचारीहरू विशेष गरि मासिक वेतनको समस्यामा परेको जानकारी दिएका छन्। आजसम्म आफूहरूको छ महिनाको वेतन नपाएको जसको माग सम्बन्धित विभाग समक्ष गरिसकेको बताउदै विभागले पनि दिसम्बर महिनाभित्र सबै बाँकी रकम प्रदान गर्ने आशवाशन दिएको छ। तथापि यो वचन पुरा नगरे भीबीडिसी संगठनले आन्दोलन गर्ने चेतावनी पनि दिएका छन्। सभामा दार्जीलिङ अनि कालेबुङका विभिन्न ब्लकबाट कर्मचारीहरू उपस्थित थिए।

## कोलकाता म्याराथन

कोलकाता महानगरमा सम्पन्न टाटा स्टील वर्ल्ड 25 के म्याराथनमा बिजनबारी क्षेत्रका धावकहरुले उत्कृष्ट प्रदर्शन गर्दै व्यातिगत उपलब्धि सगै क्षेत्रको नाम रोशन गरेका छन। नयाँ नोर ग्रामको लोवर किजोमका दुई दिदी बहिनी धावकहरु सम्झना तथा बन्धना सुब्बा आ-आफ्नो वर्गमा उत्कृष्ट दौड लगाउदै खुला तथा समुह चरणमा बिजेता बनेका छन। जसमा २५ किलोमीटरको महिला खुल्ला समुहमा सम्झना सुब्बाले तेस्रो तथा अठारदेखि पच्चीस बर्ग समुहमा प्रथम स्थान हसिल गरिन यसैगरी बन्धना सुब्बाले दश किलोमिटर खुल्ला महिला समुहमा दोस्रो स्थान हासिल गरिन। यसका साथै सम्झनाले आगमी २६ देखि २८ डिसेम्बरमा उडिसामा हुने राष्ट्रिय स्तरको इन्डियन इन्टर युनिभर्सिटी एथलेटिक्समा जादवपुर बिश्वबिधालयको प्रतिनिधित्व गर्ने मौका पाएकी छिन। अर्कोतिर बिजनबारी बजार निवासी अर्का एक धावक शिवकुमार राईले साठी बर्षभन्दा माथी समुहको पच्चीस किलोमिटर दौड दुई घण्टा छब्बीस मिनेटमा पूरा गर्दै देशको उत्कृष्ट म्याराथनहरु मुम्बई तथा बेङलोर म्याराथनमा दौड लगाउने मौका पाएका छन।

## मिरिक टिंगलिंग – ५० औ बर्षगाठ

मिरिक खण्डको टिङलिङ चियाबारी लिम्बूधुरा गाउँ समाजले आफ्नो स्थापनाको पचास बर्ष पुरा गरेको अवसरमा स्वर्ण जयन्ती समारोह भब्य रुपमा पालन गरेको छ। यस अवसरमा नव वर्ष २०२५ को क्यालेन्डर बिमोचन गरियो । राजु छेत्रीले अध्यक्षता गरेको उक्त समारोहमा प्रमुख अतिथिको रुपमा हरिमाया छेत्री मेमोरियल ट्रस्टका संस्थापक कृष्ण छेत्री उपस्थित थिए। बाल कृष्ण शर्मा द्वारा संचालित समारोहमा लिम्बू धुरा गाउँ समाजका दिवंगत संस्थापक सदस्यहरु अनि वर्ष २०१५ मा विनाशकारी भल पैह्रोमा ज्यान गुमाएका १९ जना सदस्यहरुको चिर शान्ति कामना गर्दै एक मिनेटको मौनधारण गरि श्रद्धाञ्जली अर्पण गरियो।

## मिरिक बैडमिन्टन क्लब- चुनाउ

आज मिरिक बैडमिन्टन क्लबको अध्यक्ष र सचिव पदको चुनाव सम्पन्न भयो जसमा अध्यक्ष मणि राई अनि महासचिवमा रितेश गुप्ता निर्वाचित भएका छन्। चुनाऊलाई सुचारु सम्पन्न गर्न क्लबका सम्पूर्ण सदस्यहरुले मताधिकार प्रयोग गर्दै आफ्ना प्रतिनिधि चुनेको बताइएको छ।

****** ० ******

************